## महशुल भुक्तानी सम्बन्धमा पोष्टपेड मोवाईल सेवाका ग्राहकलाई जरुरी सूचना

आफूले प्रयोग गरेको सेवाको नियमित महशुल भुक्तानी गर्नुपर्ने ब्यहोरा कम्पनीका आदरणीय ग्राहक महानुभावहरुमा अवगत नै छ। समयमा महशुल भुक्तानी नगर्ने ग्राहकको सेवानिम्नानुसार बन्द गरी उक्त सेवा अन्य ग्राहकलाई उपलब्ध गराउन सकिने तथा बांकी बक्यौता असुल उपर गर्न प्रचलित कानून बमोजिम आवश्यक कारवाही अघि बढाईने भएकोले आफूले प्रयोग गरेको सेवाको महशुल नियमित भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ।एक्टिभ अवस्थामा रहेका पोष्टपेड नम्बरको सेवा प्रयोग नगरेपनि मासिक न्यूनतम महशुल लाग्ने भएकोलेसेवा आवश्यक नभईबन्द गर्न चाहने ग्राहक महानुभावहरुले नजिकको दूरसंचार कार्यालयमा निवेदन दिई सेवा बन्द गराई थप दायीत्वबाट मुक्त हुन सक्नुहुने ब्यहोरा अनुरोध गरिन्छ।

पोष्टपेड नम्बर बन्द हुने सम्बन्धी ब्यबस्था

१. नेपाल टेलिकमका पोष्टपेड मोवाईल सेवामा ग्राहकहरुको उपलब्ध क्रेडिट (Available Credit) धनात्मक (Positive) हुंदा सम्म सेवा एक्टिभ(Active) अवस्थामा रहन्छ।
२. ग्राहकहरुको उपलब्ध क्रेडिट (Available Credit) समाप्त भए पश्चात पनि महशुल भुक्तानी नभएमा कल वाह्यगमन सेवा (Outgoing Call Service) बन्द हुन्छ तर९० दिन सम्म कल आगमन सेवा (Incoming Call Service) सुचारु रहन्छ।
३. वाह्यगमन सेवा बन्द भएको मितिले ९० दिन भित्र पनि महशुल भुक्तानी नभएमावाह्यगमन सेवा(Outgoing Call Service) का साथै कल आगमन सेवा (Incoming Call Service) पनि बन्द हुन्छ।
४. कल आगमन सेवा (Incoming Call Service) बन्द भएको मितिले ९० दिन सम्ममा पनि ग्राहकलेमहशुल भुक्तानी गरी सेवा सुचारु नगरेमाउक्त सेवा स्थायी रुपमा बन्द हुन्छ। यसरी बन्द भएका नम्बर कम्पनीले आवश्यक्ता अनुसार अन्य ग्राहकलाई उपलब्ध गराउन सक्दछ।
५. सेवा स्थायी रुपमा बन्द हुनु अघि सम्म ग्राहकले कुनै पनि बेला रिचार्ज कार्ड, बैंक,MPOS एजेन्ट वा नेपाल टेलिकमका काउन्टर मध्ये आफूलाई सजिलो पर्ने माध्यमबाट महशुल भुक्तानी गरी सेवा पुनः एक्टिभ(Active)गर्न सक्नुहुनेछ, यसको लागि अन्य थप चार्ज तिर्नु पर्दैन।
६. एकपटक सेवा स्थायी रुपमा बन्द भई अन्य ग्राहकको नाममा जडान भैसकेको अवस्थामा उक्त नम्बर पुनः प्राप्त गर्न सकिंदैन।
७. सेवा स्थायी रुपमा बन्द भएको भएता पनि अन्य ग्राहकको नाममा जडान नभएको भए नजिकको नेपाल टेलिकमको कार्यालयमा सम्पर्क राखी पुरानो बांकी महशुल पुरै र थप रु. चार सय असी (Reconnection Charge बापत रु. १०० र Credit Limit बापत रु. ३८० गरी जम्मा रु ४८०।-) भुक्तानी गरी नम्बर पुन एक्टिभ(Active)गर्न सकिन्छ।